# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इटहरी सुनसरी

कोशी प्रदेश, नेपाल

---

## आन्तरिक आय सङ्कलन तथा व्यवस्थापन सँग सम्वन्धित

## Bid Document

(बोलपत्र सम्वन्धी कागजात)

ठेक्काको नाम : इटहरी बसपार्क टर्मिनल भवनको प्रथम र दोस्रो तला सञ्चालन तथा व्यवस्थापन ठेक्का

सूचना नं: **ITR/NCB/05R/2082/083**

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इटहरी सुनसरी
### कोशी प्रदेश , नेपाल

**<u>इटहरी उपमहानगरपालिकाको आन्तरिक आय ठेक्का आव्हानको सूचना</u>**

प्रथम पटक प्रकाशित मिति २०८३।०३।१६ गते

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी सुनसरीले देहाय बमोजिमको आन्तरिक आय सङ्कलन सम्बन्धी ठेक्काका लागि विद्युतीय माध्यमबाट बोलपत्रको सुचना प्रकाशन गरेको हुँदा उक्त सूचनामा उल्लिखित मिति तथा समय भित्र www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नहुन यो सुचना प्रकाशन गरिएको छ ।

| आन्तरिक आय ठेक्का नं | ठेक्का अवधी | ठेक्काको नाम | न्यूनतम कबुल अङ्क भ्याट समेत | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| ITR/NCB/05R/2082/083 | ५ वर्ष | इटहरी बसपार्क टर्मिनल भवनको प्रथम र दोस्रो तला सञ्चालन तथा व्यवस्थापन ठेक्का | वार्षिक रु ७४,३०,२५०.८२। (अक्षरेपी चौरहत्तर लाख तीस हजार दुई सय पचास रुपैयाँ बयासी पैसा मात्र) | रु ३,००० |

१. बिस्तृत विवरणका लागि इटहरी उपमहानगरपालिका राजस्व व्यवस्थापन शाखा वा खरिद शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२. बोलपत्र बिद्युतीय माध्यमबाट मात्र खरिद तथा दाखिला गर्न सकिने छ ।

३. कबुल गरेको ठेक्का रकममा प्रत्येक २ वर्षमा १० % ले बृद्धी हुनेछ ।

**१. परिचय**

२. इटहरी उपमहानगरपालिका दुइ ओटा प्रमुख राजमार्गको सङ्गम विन्दु रहेको छ । पूर्वकै एक ब्यापारिक सहरका रुपमा परिचित यस नगर मिति २०७१।८।१६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार इटहरी नगरपालिका, खनार गा.वि.स., पकली गा.वि.स., एकम्बा गा.वि.स. र हाँसपोसा गा.वि.स. मिलेर



महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका घोषित भएको हो । यस सहरमा पुरानो बसपार्कलाई व्यवस्थित गर्न हालसालै नयाँ टर्मिनल भवन निर्माण गरिएको छ । सो सम्वन्धमा इटहरी बसपार्क टर्मिनल भवन सञ्चालन तथा व्यवस्थापन ठेक्का सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ९ मा भएको व्यवस्था अनुसार यो ठेक्का सूचना प्रकाशन गरिएको हो ।

**३. परिभाषा**

विषय वा प्रसङ्गमा अर्को अर्थ नलागेमा यस बोलपत्र सम्वन्धि कागजातमाः

- **"कार्यपालिका "**भन्नाले यस इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिका भन्ने सम्झनुपर्दछ ।
- **"नगर प्रमुख"** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर प्रमुख भन्ने सम्झनुपर्दछ ।
- **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने सम्झनुपर्दछ ।
- **"ठेक्का"** भन्नाले यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयसँग भएको ठेक्का भन्ने सम्झनुपर्दछ ।
- **"ठेकेदार"** भन्नाले यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का व्यवस्थापनका लागि सम्झौता भएको निर्माण व्यावासी/व्यक्ति/फर्म लाइ सम्झनुपर्दछ ।
- **"सम्झौता"** भन्नाले यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र ठेकेदारसँग भएको ठेक्का व्यवस्थापन सम्बन्धी सम्झौता सम्झनुपर्दछ ।

**४. विवरण**

इटहरी बसपार्क टर्मिनल भवन सञ्चालन तथा व्यवस्थापन ठेक्का अन्तर्गत तपशिल कार्यहरु रहेका छन्:

**पहिलो तल्ला**

- सटर नं. ३: ४०४.०० वर्गफिट
- सटर नं. ४: ३८४.३४ वर्गफिट
- सटर नं. ५: ४११.२४ वर्गफिट
- सटर नं. ६: ७२९.८५ वर्गफिट
- सटर नं. ७: ६७९.२७ वर्गफिट
- सटर नं. ८: ५३२.५१ वर्गफिट
- सटर नं. ९: ४६१.७१ वर्गफिट
- सौचालयः २२७.०० वर्गफिट

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था:२०७३

**दोश्रो तल्ला**

- Resturant : १२५१.२८ वर्गफिट
- Kitchen : ३१९.५७ वर्गफिट
- Store room : १८२.२७ वर्गफिट
- Open Space With Toughned Glass Shed : ७५७.९३ वर्गफिट



महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

- सटर नं. १० : ५३७.६७ वर्गफिट
- अफिस रूम: ६७९.४९ वर्गफिट
- सौचालय: १- ५६४.९ वर्गफिट

<u>रूफ</u>

- कोठाः ३२७.९६ वर्गफिट (कार्यालयको लागि)
- Truss Shed: ३७२१.३४ वर्गफिट
- सौचालय-१

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल
स्था:२०७३

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

**५. बोलपत्र दाखिला सम्वन्धि विवरण**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०८१।०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३००००१००१००००१ मा रु ३०००। नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबुल रकम अक्षर र अङ्कमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबुल गरेको अङ्कको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३०००००३००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त ‘क’ वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ।

३. बोलपत्र पेश गर्ने अन्तिम समय सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मा जारी भए वमोजिम हुनेछ।

४. प्रि–बिड बैठक यो सूचना प्रकाशित मितिले १२ औं दिन दिनको २.०० बजे इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नु हुनेछ। .उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. बोलपत्र सम्बन्धी विस्त्रित जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

७. संघीय सरकार तथा प्रदेश सरकार वाट प्रचलित कानुन बमोजिम कुनै निर्णय भइ आएमा सोहि बमोजिम हुनेछ ।

८. विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

६. बोलपत्रदाताको मुल्याङ्कन

- सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधनसहित) बमोजिम यस कार्यालयको मुल्याङ्कन समितिबाट न्यूनतम ठेक्का अङ्क भन्दा बढी कवोल गर्ने बोलपत्रदाताहरुको तुलनात्मक तालिका बनाइ सारभूत रुपमा प्रभाबग्राही अधिकतम अङ्क कवोल गर्ने योग्यता पुगेको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरि सार्वजनिक सूचना प्रकाशित गरिने छ । (न्यूनतम लागत अनुमान भन्दा कम कबुल गर्ने बोलपत्रउपर कुनै कारवाही गरिने छैन )

७. बोलपत्र सम्वन्धि अन्य शर्तहरु

- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र सम्झौता तथा कार्य सुचारु गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।
- बोलपत्र स्वीकृत भएपछि वार्षिक कबुल रकम एकमुस्ट वा सो नभएमा बढीमा वर्षको चार किस्तासम्म हुने गरी दामासाहीले दाखिला गर्नुपर्नेछ । सम्पुर्ण वर्षको रकम हिसाब गरी हुन आउने रकम एकमुस्ट बुझाएको खण्डमा १० प्रतिशत छुट दिइनेछ ।
- धरौटी रकम वा बैङ्क जमानतको हकमा एक वर्षको कबुल रकम बराबरको कम्तिमा १३ महिना म्याद कायम भएको बैङ्क ग्यारेन्टी पेश गर्नुपर्नेछ र सो बैङ्क ग्यारेन्टीको म्याद सकिनु अगावै ठेक्काको सम्झौता अवधिसम्म प्रत्येक वर्ष बैङ्क ग्यारेन्टीको म्याद थप गरी पेश गर्नुपर्नेछ । बैङ्क ग्यारेन्टीको म्याद थप गरी पेश गर्न नसकेको अवस्थामा म्याद कायम भएको बैङ्क ग्यारेन्टी जफत गरी आवश्यक कारबाही तथा ठेक्का रद्द समेत गर्न सकिनेछ । जमानतको नमुना सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेबमोजिम हुनेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- बसपार्क टर्मिनल भवनको भौतिक संरचनालाई हानी नोक्सानी पुर्याउने गरि संरचनाको स्वरूप परिवर्तन गर्न पाइने छैन यदि परिवर्तन गरेमा सो को क्षतिपूर्ति भर्न लगाई नियमानुसार कारवाही भई ठेक्का रद्ध सम्म हुनेछ।
- सामान्य पार्टिसन गर्नुपरेमा तोकिएको प्रयोजन परिवर्तन नगरि इटहरी उपमहानगरपालिकाको लिखित सहमति लिएर मात्र गर्नुपर्ने छ ।
- भवनको सौचालय, सि.सि. टिभी Control room र Restaurant को क्षेत्रफललाई जुन प्रयोजनको लागि निर्धारित गरिएको हो सोहि बमोजिम कायम गरी संचालन गर्नुपर्ने छ ।
- भवनको रेखदेखको लागि कम्तिमा एक जना सरसफाई कर्मचारी र आवश्यक सुरक्षा गार्ड राख्ने जिम्मा ठेकेदार कम्पनीको हुनेछ ।

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

- शौचालय प्रयोग वापत कुनै शुल्क उठाउन पाइने छैन ।
- टर्मिनल भवनमा भएको GENERATOR को रेखदेख, संचालन तथा मर्मतको जिम्मा ठेकेदार कम्पनीकै हुनेछ ।
- भवनको भौतिक संरचनाको सामान्य मर्मतको जिम्मा ठेक्का अवधिभर ठेकेदार कम्पनीको हुनेछ भने आवधिक मर्मतको जिम्मा इटहरी उपमहानगरपालिकाको हुनेछ ।
- बसपार्क क्षेत्रभित्रका सडक तथा पार्किङ स्थलको मर्मतको जिम्मा यस इटहरी उपमहानगरपालिकाको हुनेछ ।
- सम्झौताका सर्तहरु पालना भए/नभएको एकिन गर्न यस इटहरी उपमहानगरपालिकाबाट जुनसुकै बेला अनुगमन गर्न सकिने छ ।
- बिजुली/पानी/टेलिफोन महसुल जस्ता कार्य सञ्चालानार्थ हुने महसुल सम्वन्धित ठेकेदारको दायित्व हुनेछ ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल
स्था:२०७३

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

# इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

आर्थिक वर्ष २०८३/८४ को इटहरी बसपार्क टर्मिनल भवनको प्रथम र दोस्रो तला सञ्चालन तथा व्यवस्थापन ठेक्काको बोलपत्र फारम ठेक्का नं. **ITR/NCB/5R/2082/83** (राजस्व)

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१४

| न्युनतम ठेक्का अङ्क रु मु.अ. कर समेत बार्षक | कबोल अङ्क रु | | धरौटी रकम रु | | कैफियत |
|---|---|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | अङ्कमा | अक्षरमा | |
| ७४,३०,२५०.८२। (अक्षरेपी चौरहत्तर लाख तीस हजार दुई सय पचास रुपैयाँ बयासी पैसा मात्र) | | | | | |

- उपरोक्त कबोल अंकको मेरो बोलपत्र स्वीकृत भएमा उपमहानगरपालिकाले तोकेको दररेट वमोजिम मात्र कर असुल उपर गर्नेछु। अन्य सर्तहरु उपमहानगरपालिकाबाट निर्धारण गरेअनुसार मान्य हुनेछ।
- इटहरी उपमहानगरपालिकाको निर्णय र निर्देशन वमोजिम ठेक्का सम्वन्धी कार्य गर्नेछु।
- सम्झौता तथा कवुलियतनामा कागच र पुर्जीमा भएका शर्तहरुको पूर्णरुपले पालना गर्नेछु।

उपरोक्तानुसार नगरेमा प्रचलित कानून वमोजिम सजाय भोग्न तयार छु भनी यो बोलपत्र फारममा सहिछाप गरिदिएँ।

बोलपत्रदाताको:

नामः

ठेगानाः

सहिछापः

मितिः